# संसक्ति व्यवस्थाका दृष्टिले 'हामी सहँदै जाउँला' कविताको विश्लेषण

**खगेन्द्र जोशी, उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय**

**Email : khjjoshi@gmail.com**

**अध्ययनको सार**

प्रस्तुत लेख 'हामी सहँदै जाउँला' कविताको संसक्तिपरक विश्लेषण मूल समस्यामा अधारित छ । यस लेखमा गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषणमा अधिरत विषयगत विश्लेषण गरिएको छ । पुस्तकालयबाट सङ्कलित सामग्रीको विश्लेषणमा अधारित प्रस्तुत लेखमा कवि कुन्ता शर्माद्वारा रचित 'हामी सहँदै जाउँला' कवितामा संसक्ति व्यवस्थाको अध्ययन गरिएको छ । नेपाली साहित्यकामा प्रगतिवादी चिन्तनलाई आत्मसात गर्दै साहित्य सिर्जन कार्यमा सक्रिय शर्माका साहित्यिक सिर्जनाहरू संसक्तिका दृष्टिले केकति सबल छन् भन्ने कुराको अध्ययन यसमा गरिएको छ । कुनै पनि सहित्यक रचनामा सशक्त भाव सम्प्रेषणका लागि संसक्तिको विशेष महत्त्व रहेको हुन्छ । भाषिक तत्त्वका रूपमा प्रयुक्त व्याकरणिक तथा कोशीय संसक्तिले नै पाठमा सुसम्बद्धता कायम गरी भावलाई एउटा श्रृङ्खलामा जोड्ने काम गरेको हुन्छ । नेपाली व्याकरणसापेक्ष प्रयोगमा रहेका निदर्शन कोटिको सार्थक र सम्यक प्रयोग गरिएको यस कवितामा सार्वनामीकरणको उचित प्रयोगका कारण प्रस्तुतिगत चुस्तता तथा कथ्यगत संसक्तिको सिर्जना भएको छ । काव्यिक अभिव्यक्तिका लागि आलङ्कारिकता सिर्जना गर्नका लागि यथोचित् मानकीकृत भाषाको विचलन गरिएको यस कवितामा अध्याहारबाट अर्थबोध सहजतापूर्वक गर्नसकिने विलोपनको समेत प्रयाग भई प्रस्तुतिगत संसक्ति सिर्जना भएको छ । यस लेखमा सीमित तर सटीक संयोजन व्यवस्थापन गरिएको यस कवितामा पुनरनवृत्ति र विपरीतार्थक अभिलक्षण भएका कोशीय अनुबन्धनका कारण पाठगत संसक्ति निर्मितिका लागि उपयुक्त माध्यम बनेको विषयमा विमर्श भएको छ ।

*प्रमुख पद/पदावली*: सङ्कथन, सर्वनामीकरण, विलोपन, प्रतिस्थापन, पर्यायता, विपरीतार्थता

Article's information : Manuscript received : 2024/09/10, Date of review : 2024/12/26, Date of manuscript acceptance 2025/02/10 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76039
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख कुन्ता शर्माको 'हामी सहँदै जाउँला' कवितामा संसक्तिको अध्ययन विषयमा केन्द्रित छ । यस अध्ययनमा संसक्ति व्यवस्ताका दृष्टिले हामी सहँदै जाउँला कविता कतिको संसक्त छ भन्ने कुराको खोजी गर्ने काम गरिएको छ । यो लेख कुन्ता शर्मा, हामी सहँदै जाउँला कविता र संसक्ति व्यवस्था जस्ता तिन पक्षहरूसँग सम्बद्ध हुनाले विषयपरिचयका क्रममा यिनै तिन पक्षहरूको चिनारी दिनु आवश्यक देखिन्छ । कुन्ता शर्मा (वि.स.२००३) आधुनिक नेपाली कविताको प्रगतिवादी धाराकी सशक्त नारी हस्ताक्षर हुन् । कुन्ता शर्माले बिसको दशकको उत्तरार्धतिरबाटै कविता लेख्न थालिसकेकी भए पनि वि.सं. २०३०मा सहित्यिक पत्रिका 'सङ्कल्प'को प्रकाशक र सम्पादक भई पत्रकारिताका क्षेत्रमा प्रवेश गरेपछि उनको कवि व्यक्तित्वको निर्माण हुन थालेको हो । वि.सं. २०४२ सालमा 'पोथी बास्नु हुँदैन' शीर्षकको कविता प्रकाशित भएपछि भने उनको कवि व्यक्तित्वले निकै विस्तार हुने मौका पायो । उनका 'म उभिएको ठाउँ' (२०५२) र 'मेरो मान्छे' (२०७४) गरी दुइटा कवितासङ्ग्रह प्रकाशित छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा कविता र निबन्धात्मक रचनाहरू

प्रकाशित भएका पाइन्छन् । समाजमा व्याप्त विकृतिका विरुद्धमा र नारीका पक्षमा आवाज उठाउनु अनि पितृसत्तात्मक समाजमा व्याप्त नारी विरोधी प्रवृत्तिमाथि कठोर व्यङ्ग्य प्रहार गर्दै कविता लेख्नु उनका प्रमुख काव्यप्रवृत्ति हुन् । 'हामी सहँदै जाउँला' कविता कुन्ता शर्माको म उभिएको ठाउँ (२०५२) कवितासङ्ग्रहमा सङ्ग्रहित गद्यकविता हो । पाँच अनुच्छेद र बाउन्न पङ्क्तिपुञ्जमा संरचित प्रस्तुत कवितामा पहिलो अनुच्छेदबाट आरम्भ भएको सूचनाप्रवाह अन्तिम अनुच्छेदसम्म विस्तारित र वितरित रहेकोले संसक्ति व्यवस्था सशक्त रहेकोले छ । उनको प्रगतिवादी तथा नारीवादी चेतनालाई प्रतिनिधित्व गर्ने प्रस्तुत कविता संरचनात्मक रूपले संशक्त र सुसङ्गठित रहेकोले संसक्ति व्यवस्थाका दृष्टिले पनि अध्ययनीय देखिन्छ ।

संसक्ति भनेको एउटा सङ्कथनभित्र रहेका भाषिक एकाइ (अनुच्छेद, वाक्य, उपवाक्य, पदाजली, पद आदि)का बिचको पारस्परिक अर्थगत सम्बन्ध हो । सङ्कथनभित्रका विभिन्न भाषिक एकाइहरूलाई जोड्ने र तिनका बिचमा सम्बन्ध स्थापित गरी सुसङ्गठित बनाउने काम संसक्तिले नै गरेको हुन्छ । यसले पाठमा निहित विविध सन्दर्भलाई एउटा निरन्तर प्रवाहमा जोडेर पाठको निर्माणप्रक्रियालाई एकरूपता प्रदान गरी त्यसलाई एकअर्कासँग सुसम्बद्ध बनाएको हुन्छ । यसरी पाठभित्रका एकाइहरूलाई सुसम्बद्ध तुल्याउन सर्वनामीकरण, विलोपन, प्रतिस्थापन, संयोजन प्रक्रियाको प्रयोग गरिए त्यसलाई व्याकरणिक संसक्ति भनिन्छ । पुनरावृत्ति, पर्यायता, विपर्यायिता, अनेकार्थकता, समावेशात्मकताका माध्यमबाट पाठभित्र संसक्तता कायम गरिए त्यसलाई कोशीय संसक्ति भनिन्छ । सङ्कथन अध्ययनअन्तर्गत एउटा समालोचना पद्धतिका रूपमा संसक्ति व्यवस्था रहेको छ । यसमा व्याकरणिक तथा कोशीय संसक्तिको अध्ययनबाट पाठ कसरी सुसङ्गठित र सुसम्बद्ध रहेको छ अनि पाठभित्र आएका विविध सन्दर्भको समायोजनका लागि संसक्तिले के कसरी भूमिका खेलेको छ भन्ने कुराको अध्ययन गरी पाठको श्रृङ्खलित र व्यवस्थित अन्वयको खोजी गर्ने काम हुन्छ । प्रस्तुत 'हामी सहँदै जाउँला' कवितामा पहिलो अनुच्छेददेखि अन्तिम अनुच्छेदसम्मका एकाइमा व्याकरणिक तथा कोशीय संसक्तिका कारण कवितामा भएको भावप्रवाह र संरचना पक्षको अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनको मुख्य समस्या कुन्ता शर्माद्वारा लिखित हामी सहँदै जाउँला कवितामा संसक्ति व्यवस्थाको अध्ययन रहेको छ । प्रस्तुत मुख्य समस्यासँग सम्बन्धित शोध्यप्रश्नहरू कवितामा व्याकरणिक संसक्ति केकस्तो रहेको छ तथा कवितामा कोशीय संसक्ति कसरी प्रस्तुत गरिएको छ ? चन्ने विषयमा आधारित रही कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य कुन्ता शर्माद्वारा लिखित हामी सहँदै जाउँला कवितामा संसक्ति व्यवस्थासँग सम्बद्ध शोध्यप्रश्नहरूले उठाएका जिज्ञासाको शमन गर्नतिर नै उन्मुख रहेको छ । कुनै पनि साहित्यिक कृतिको संसक्ति व्यवस्थाका आधारमा अध्ययन गर्दा व्याकरणिक तथा कोशीय संसक्तिका विभिन्न प्रकारलाई आधार बनाएर अध्ययन गर्न सकिन्छ । यो लेख भने व्याकरणिक संसक्तिसम्बद्ध निदर्शन, सर्वनामीकरण, विलोपन र संयोजन तथा कोशीय संसक्ति सम्बद्ध पुनरावृत्ति, पर्यायता र विपर्याताका आधारमा मात्र पाठको संसक्ति व्यवस्थाको अध्ययनमा परिसीमित रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनबाट परिणाममुखी निष्कर्ष निकाल्नका लागि आवश्यक सामग्री सङ्कलन गर्न र सङ्कलित सामग्रिको विश्लेषण गर्नका गुणात्मक अनुसन्धान पद्धतिलाई अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालय कार्यबाट नै सङ्कलन गरिएको छ । अध्ययनलाई अगाडि बढाउने क्रममा कवि कुन्ता शर्माको हामी सहँदै जाउँला कवितालाई मुख्य आधार सामग्रीका रूपमा लिई प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनको केन्द्रीय विषयका रूपमा रहेको संसक्तिसँग सम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि संसक्तिका बारेमा चर्चा गरिएका विभिन्न पुस्तकहरूका साथै 'हामी सहँदै जाउँला' कविताका बारेमा टीकाटिप्पणी गरी लेखिएका अनुसन्धानात्मक पत्रिका तथा पुस्तकहरूमा प्रकाशित लेखलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत

अध्ययन गुणात्मक प्रकृतिको हुनाले शोध्य प्रश्नको समाधानार्थ संसक्तिसँग सम्बद्ध सैद्धान्तिक पक्षलाई अध्ययनको आधार बनाई सङ्कलित सामग्रीलाई वर्णात्मक तथा पाठविश्लेषण विधिबाट विश्लेषणका गरिएको छ।

## सैद्धान्तिक पर्याधार

उत्तरवर्ती समयमा समालोचनाका क्षेत्रमा नवीन चिन्तनहरू देखा परेका छन्। तिनमा सङ्कथन विश्लेषण पनि एक हो। कुनै पनि साहित्यिक रचनाको समग्र स्वरूप नै सङ्कथन हो। त्यस रचनामा आएका भाषिक एकाइका बिचमा सुसम्बद्धता र अन्त:सम्बन्धको खोजी गर्ने कार्य सङ्कथन विश्लेषनमा हुन्छ। पाठभित्र सुसम्बद्धता र अन्त:सम्बन्ध स्थापित गर्नमा संसक्तिको विशेष महत्त्व रहेको हुन्छ। संसक्ति भनेको एउटा पाठभित्र आएका भाषिक एकाइहरूका बिचको अन्त:सम्बन्ध हो। संसक्तिकै कारण पाठमा सुरुदेखि अन्तसम्म भाव प्रवाहित भएको हुन्छ र पाठमा एकत्व कायम हुन जान्छ। संसक्ति व्यवस्था सङ्कथन अध्ययनअन्तर्गत एउटा समालोचना पद्धतिका रूपमा रहेको छ। यसमा व्याकरणिक तथा कोशीय संसक्तिको अध्ययनबाट पाठ कसरी सुसङ्गठित र सुसम्बद्ध रहेको छ अनि पाठभित्र आएका विविध सन्दर्भको समायोजनका लागि संसक्तिले के कसरी भूमिका खेलेको छ भन्ने कुराको अध्ययन गरिन्छ। पाठको शृङ्खलित र व्यवस्थित अन्वयको खोजी गर्ने काम यसमा हुन्छ। संसक्ति प्रक्रिया पाठभित्रका एकाइहरूलाई एकताबद्ध गरी सुसङ्गठित बनाउने एक प्रकारको रसायन हो। संसक्ति सम्बन्धका लागि एक आपसमा जोड्ने संयोजीहरू(सङ्कथन शब्द)को आवश्यकता पर्दछ जसबाट वाक्यहरू पाठमा एकीकृत रूपमा संसक्त भएका हुन्छन् (गौतम, २०६८: ५७६)।

प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा सन् १९६०को दशकपछि विकसित भएको सङ्कथन अध्ययन भाषानिष्ठ अध्ययन हो। भाषामा केन्द्रित भएर नै यसले पाठले प्रदान गर्ने अर्थको खोजी गर्दछ। सन्दर्भ उल्लेख गरिएका वाङ्मयका सबै विधा सङ्कथन हुन् र यसमा कथ्य भाषा, सांकेतिक भाषा तथा लेख्य भाषामा अभिव्यक्त प्रयुक्तिहरूको समायोजन कसरी भएको छ भन्ने कुराको अध्ययन गरिन्छ(गौतम, पूर्ववत्: ५७१)। संसक्ति व्यवस्था पनि सङ्कथन अध्ययनअन्तर्गतकै एउटा समालोचना पद्धति हो। कुनै पनि पाठका अनुच्छेदभित्रका वाक्यहरूमा अन्त:सम्बन्ध कायम गरी भावप्रवाह सिर्जना गर्ने काम संसक्तिले गर्दछ। भाषिक पद्धतिको एक अभिन्न अङ्ग संसक्तिले पद, पदावली, उपवाक्य वा वाक्यबीचको अन्त:सम्बन्ध स्थापित गरी सङ्कथनमा रहेको भाव र वैचारिक सिलसिलालाई स्पष्ट पार्दछ(ह्यालिडे र ह्यासन,२०१४:४–६)। संसक्ति पनि व्याकरणिक र कोशीय(शाब्दिक) गरी दुई प्रकारका हुन्छन्।

व्याकरणिक संसक्ति भनेको सङ्कथनमा प्रयुक्त विभिन्न भाषिक एकाइका बिच व्याकरणिक सम्बन्ध दर्साउन आउने युक्ति हो। पाठभित्र आउने वाक्यहरूको तार्किक अर्थगत अन्त:सम्बन्ध बोध गराउँदा त्यसमा प्रयुक्त वाक्यका पद पदावलीले पाठमा आएको अर्थलाई सुसङ्गठित बनाएका छन् भने त्यसलाई व्याकरणिक संसक्ति भनिन्छ। यसअन्तर्गत निदर्शन, सर्वनामीकरण, विलोपन, प्रतिस्थापन, संयोजन आदि पर्दछन्। कुनै व्यक्ति, वस्तु वा स्थान देखाउने वा त्यसबारेमा सूचना दिने कामलाई नै निदर्शन भनिन्छ। कुनै विषयको निश्चित सत्ता वा स्थितिलाई सूचित गरिने कार्य निदर्शन हो(गौतम, पूर्ववत् : ५७६)। प्रस्तोताले बोद्धालाई कुनै व्यक्ति, वस्तु वा स्थानबारे सूचित गर्दा सूचित गर्न चाहेको व्यक्ति, वस्तु वा स्थानलाई निदर्शन विन्दु र त्यसलाई सूचित गर्ने भाषिक कोटिलाई निदर्शक भनिन्छ। निदर्शक पनि व्यक्तिवाचक(म, हामी, तिमी, ऊ, उनी, यो, त्यो आदि), स्थानवाचक (यहाँ, त्यहाँ, यता, उता आदि) र समयवाचक (अघिल्लो दिन, भोलिपल्ट आदि) गरी तिन प्रकारका हुन्छन्। व्यक्तिवाचक निदर्शकले वाक्कार्यमा संलग्न सहभागीको भूमिकालाई सङ्केत गर्दछ। स्थानवाचक निदर्शकले सहभागीसँग सम्बद्ध वाक्कार्यको स्थानिक सन्दर्भलाई सङ्केत गर्दछ अनि समयवाची निदर्शकले सहभागीसँग सम्बद्ध वाक्कार्यको समयगत सन्दर्भलाई सङ्केत गर्दछ। यसरी निदर्शनले पाठभित्रका एकाइका बिचमा अन्त:सम्बन्ध स्थापित गरी अर्थगत तथा संरचनागत संसक्ति कायम गरेको हुन्छ (गौतम, पूर्ववत् : ५७६)। कुनै पाठमा पटकपटक उही व्यक्ति, वस्तु वा स्थानको नाम दोहोरिएर आउने स्थिति आउन नदिन त्यसरी दोहोरिने नामका सट्टामा सर्वनामको प्रयोग गरिनुलाई

सर्वनामीकरण भनिन्छ । कुनै पाठ वा अनुच्छेदभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटकपटक प्रयोग गर्दा हुने नीरसताको अन्त्यका लागि त्यसता नामका सट्टामा सर्वनामको प्रयोग गर्नु सर्वनामीकरण हो(गौतम, पूर्ववत् : ५७६) । । सर्वनामीकरणले पनि पाठभित्रका एउटा वाक्यलाई अर्को वाक्यसँग जोडेर संसक्तता कायम गरेको हुन्छ । पाठभित्रको अनुच्छेदमा दोहोरिएर आएका नाम, क्रिया, सहायक क्रिया आदिलाई पटकपटक प्रयोग् नगरी अध्याहारबाट तिनको अर्थसङ्गति कायम हुन सक्ने स्थिति विद्यमान रहेमा दोहोरिन सक्ने संरचना नराख्नुलाई विलोपन भनिन्छ । यसरी पनि पाठमा अर्थका श्रृङ्खला सुसङ्गठित र सुसम्बद्ध पार्न सकिन्छ । लोपमा अर्थको सहचार सम्बन्ध भने रहिरहेको हुन्छ तर सरंचनाको भने उपस्थिति हुँदैन(गौतम, पूर्ववत् : ५७६) । पाठमा पूर्वापर सन्दर्भसँग अर्थगत सम्बन्ध रहन सक्ने अवस्थामा मात्र विलोपन प्रक्रियाको प्रयोग हुन्छ । पाठमा पद, पदावली, उपवाक्य, वाक्यको अनुपस्थितिका कारण लोप भएको सूचना वा विषयलाई श्रोता वा पाठकले अध्याहारका आधारमा स्वाभाविक रुपमा बुझ्दै जान्छ । यसरी कुनै भाषिक संरचना प्रयोग नगरिए पनि अर्थको सहचार सम्बन्धका कारण पाठमा विलोपनले पनि संसक्ति कायम गर्दछ । सङ्कथनपरक अभिव्यक्तिलाई संसक्त र सुसम्बद्ध गराउने अर्को व्याकरणिक संसक्ति संयोजन पनि हो । संयोजकले आर्थी सूचनालाई जोडेर पाठभित्रका एकाइहरुलाई सङ्गठित गरी संयुक्ति र संसक्तिगत अर्थ सम्बन्धलाई प्रभाव पारेको हुन्छ । पाठमा प्रयुक्त वाक्यमा एकभन्दा बढी विचार, पक्ष वा विषय आउँदा तिनका बिचमा सकारात्मक, नकारात्मक, अनुकूल तथा प्रतिकूल, विकल्प, परिणाम, कारण, तरिका वा कामको पद्धति आदिमध्ये केकस्तो अर्थगत सुसम्बद्धता कायम भएको छ भन्ने कुराको अध्ययन संयोजनका माध्यमबाट गरिन्छ । पाठगत अर्थलाई एकत्व प्रदान गरी सुसङ्गिठत गर्ने काम संयोजनले गरेको हुन्छ ।

कुनै पाठभित्र आएका पद, पदावली र वाक्यहरू कुनै एउटा विषयमा कन्द्रित भएका हुन्छन् र तिनीहरूका बिचमा निश्चित सन्दर्भगत सम्बन्ध रहेको हुन्छ । पाठभित्र रहेका शाब्दिक एकाइको मेलबाट पनि अर्थगत एकत्व कायम भएको हुन्छ । आपसी सम्बद्धताका लागि शाब्दिक स्तरले पनि उपयुक्त भूमिका खेलेको हुन्छ । सङ्कथनमा एकै आर्थी सम्बन्धमा उनिएका शाब्दिक एकाइले अनुच्छेदलाई संसक्त तुल्याएका हुन्छन् । यसलाई कोशीय (शाब्दिक) संसक्ति भनिन्छ (गौतम, पूर्ववत् : ५७९) । कोशीय संसक्तिले पाठमा रहेका कोशीय अर्थ दिने सबैप्रकारका शब्दका बीचको सम्बन्धका आधारमा पाठमा प्रवाहित भएको भाव, अर्थ, परिवेश र सन्दर्भबीच एकत्वपूर्ण प्रवाह सृजना गरी सुसंगठित पाठ निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कोशीय संसक्ति पाठमा अवशिष्ट शब्दहरूको आर्थीसम्बन्धसँग सम्बन्धित रहेको हुन्छ भने पाठमा रहेका शब्दहरूको पुनरावृत्ति, समानार्थकता, विपरीतार्थकता, अधिकार्थकता र शब्दश्रृङ्खलाको पहिचान गरी तिनीहरूको पारस्पारिक सम्बन्ध र सम्बद्धताका आधारमा पाठको वास्तविक अर्थ, परिवेश र सन्दर्भको संज्ञान हुन्छ (ह्यालिडे र हसन १९७६:२८४–२८५) । सङ्कथनात्मक वैचारिकता तथा घटना श्रृङ्खलाको अन्त:सम्बद्धता जोड्न कोशीय सम्बन्धले पनि विशेष भूमिका खेलेको हुन्छ । यिनले वाक्यभित्र कोशीय अर्थ सम्बन्ध कायम गर्ने काम गर्दछन् । नाम, विशेषण र क्रिया आदि वर्गका कोशीय अर्थ दिने शब्दका माध्यमबाट पाठमा कोशीय संसक्ति कायम हुन्छ । कोशीय संसक्तिअन्तर्गत मूलत: पुनरावरत्ति, समानार्थकता, विपरीतार्थकता, अधिकार्थकता, समावेशात्मकता, शब्दश्रृङ्खला आदि आउँछन् ।

कुनै पाठभित्र शब्दहरूको आवृत्ति हुनसक्छ । विषयवस्तु र अर्थमाथि विशेष जोड दिनका लागि शब्द तथा पदावलीको आवृत्ति अर्थपूर्ण हुन्छ । आवृत्तिले गर्दा पाठ विषयकेन्द्री बन्दछ र आवृत्त भएर आएका पद तथा पदावलीले समग्र कथनलाई संसक्त तुल्याउँछन् । कतिपय अवस्थामा उही पद वा पदावलिको आवृत्ति हुन सक्छ भने कतिपय अवस्थामा समान अर्थ दिने फरक संरचनाको आवृत्तिले पनि अभिव्क्तिकाई संसक्त तुल्याउँछन । यस्तै किसिमले विपरीतार्थबोधक पद तथा पदावलीले पनि पाठभित्र विपरीत अर्थका बिचमा संसक्ति सिर्जना गर्दछन् । यसमा विपरीतार्थबोधक सन्दर्भले विषयमाथि प्रकारान्तर रूपमा प्रकाश पार्ने हुनाले संसक्ति सिर्जनाका लागि यस्ता शब्दको विशेष महत्त्व हुन्छ । अनुच्छेदभित्रका वाक्यहरूका बिचमा अन्त:सम्बन्ध स्थापित भए जस्तै कुनै एक सङ्कथनभित्रका अनुच्छेदहरू पनि यसै गरी एकअर्कामा तार्किक रूपमा संयोजित भएका हुन्छन् । अनुच्छेद अनुच्छेदका बिचको यस्तो सम्बन्धबाट समग्र सङ्कथनका बिच तर्किक एकत्व रहेको हुन्छ ।

अनुच्छेद संरचनामा जस्तै मनोवादात्मक तथा संवादात्मक संरचनाको र त्यसभन्दा पनि माथिको अध्याय, प्रकरण र समग्र पाठमा भएका एकाइहरूको यसैगरी अन्त:सम्बद्धता, अन्विति र संसक्तता सम्बन्ध रहेको हुन्छ । लेखकले पाठमा आफ्ना दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा विचारहरू केकसरी आएका छन् र ती विचारहरूको पारस्परिक श्रृङ्खला कसरी निर्माण भएको छ भन्ने पक्षको अध्ययन कोशीय संसक्तिले गर्दछ । सङ्कथनको अध्ययनमा संलग्न विद्वान्हरू कोशीय संसक्तिअन्तर्गत मूलभूत रूपमा प्रस्तोताले पाठ सृजनाका क्रममा प्रयोग गरेका शब्दहरूले सृजना गर्ने पाठमा अवशिष्ट सन्दर्भको अभिवृत्ति र त्यसले निर्धारण गर्ने सन्दर्भको एकान्वितिले पाठलाई कसरी एउटै भाव, अर्थ, परिवेश र सन्दर्भसँग सम्बद्ध गराएको छ भन्ने भाषिक पक्षको अध्ययन गर्दछन् । कवि कुन्ता शर्माको हामी सहँदै जाउँला कवितामा निदर्शन, सर्वनामीकरण, विलोपन, संयोजनका साथै पुनरावृत्ति, विपर्यायताजस्ता युक्तिले आदिदेखि अन्त्यसम्म नै अर्थगत सुसम्बद्धता कायम गर्न अहम् भूमिका खेलेका हुनाले उल्लेखित सैद्धान्तिक पर्याधारका आधारमा हामी सहँदै जाउँला कवितामा व्याकरणिक तथा कोशीय संसक्तिको अध्ययन तथा विश्लेषण गरिएको हो ।

## नतिजा र छलफल

कुन्ता शर्माद्वारा प्रणीत 'हामी सहँदै जाउँला' कविता पाँच अनुच्छेद र बाउन्न पङ्क्तिपुञ्जमा संरचित छ । व्याकरणिक तथा कोशीय संसक्तिका कारण कवितातात्मक पाठभित्र आएका अनेक भाषिक एकाइलाई एकअर्कासँग सुसम्बद्ध बनाएको छ र पहिलो अनुच्छेदबाट आरम्भ भएको सूचनाप्रवाह अन्तिम अनुच्छेदसम्म विस्तारित र वितरित भई कवितामा भावगत एकत्व कायम गरेको छ । अध्ययनलाई व्यवस्थित बनाउन यहाँ व्याकरणिक र कोशीय संसक्ति व्यवस्थाबारे छुट्टाछुट्ट उपशीर्षकमा चर्चा गरिएको छ ।

## हामी सहँदै जाउँला कवितामा व्याकरणिक संसक्ति

प्रस्तुत 'हामी सहँदै जाउँला' पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई उपभोग्य वस्तुका रूपमा मनपरी तरिकाले प्रयोग गर्दै गरेको गलत प्रवृत्तिमाथि कडा आक्रोशयुक्त व्यङ्ग्य प्रहार गरिएको कविता हो । यस कवितामा सामाख्यताले आफूलाई समस्त उत्पीडित नारी वर्गको प्रतिनिधि पात्रका रूपमा उभ्याउँदै 'हामी'का काव्यात्मक अनुभूतिलाई सम्बोधनात्मक शैलीमा अभिव्यक्त गरेकी छन् । कवितामा 'हामी' पात्रले पुरुष वर्गलाई 'तिमी' पात्रका रूपमा सम्बोधन गर्दै पितृसत्तात्मक समाजमा नारीलाई जसरी मन लाग्छ त्यसरी उपयोग गर्दै आइएको र नारी वर्गले पुरुष वर्गको त्यस अत्यचारलाई सहँदै आएको सन्दर्भलाई व्यङ्ग्यात्मक भावाभिव्यक्तिका साथ प्रस्तुत गरिएको छ । कवितामा आएको भावको प्रवाहलाई व्याकरणिक संसक्तिका निर्मितिले कसरी सुसम्बद्ध र सुसङ्गिठत गरिएको छ भन्ने कुरालाई यस लेखमा विश्लेषण गरिएको छ । यस कवितात्मक पाठमा भाव प्रवाहका लागि प्रयुक्त व्याकरणिक संसक्तिसँग सम्बद्ध युक्तिलाई तलका तालिकामा प्रस्तुत गरिएको छ :

| अनु. सं. | कविताका पङ्क्तिहरू | निदर्शन | सर्वनामीकरण | विलोपन | संयोजन |
|---|---|---|---|---|---|
| १ | कहिले तरवार जिम्मा लगाएर | - | - | - | - |
| | कहिले घरवार जिम्मा लगाएर | - | - | - | - |
| | कहिले रणचण्डी बनाउँदै | - | - | - | - |
| | घरि कोठीमा रण्डी बनाउँदै | - | - | - | - |
| | जसरी मन लाग्छ प्रयोग गर | जसरी | - | तिमी/ त्यसरी | जसरी |
| | तिम्रा इच्छाअनुसार प्रयोग गर | तिम्रा | तिम्रा | तिमी/ हामीलाई | - |
| | ठिक छ हामी सहँदै जाउँला | हामी | हामी | - | - |
| | समयको गतिमा बहँदै जाउँला | - | - | - | - |
| २ | पस्केको थाल हामी | हामी | हामी | तिम्रा लागि | - |
| | इच्छा लागे खाऊ नलागे लत्याऊ | - | - | तिमी | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | खुट्टाका जुत्ता हामी | हामी | हामी | तिम्रा | - |
| | इच्छा लागे लगाऊ नलागे मिल्काऊ | - | - | - | - |
| | कहिले दुस्सान बनेर | - | - | | - |
| | बिच सभामा नङ्ग्याऊ | तिमी | - | तिमी | - |
| | कहिले कृष्ण बनेर | - | - | अनि | - |
| | उपहारमा साडी पुर्याऊ | तिमी | - | तिमी | - |
| | जसरी मन लाग्छ प्रयोग गर | जसरी | - | त्यसरी | जसरी |
| | तिम्रा इच्छाअनुसार प्रयोग गर | तिम्रा | तिम्रा | तिमी/ हामीलाई | - |
| | ठिक छ हामी सहँदै जाउँला | हामी | हामी | - | - |
| | समयको गतिमा बहँदै जाउँला | - | - | - | - |
| ३ | नाच्दै जाने कठपुतली हामी | हामी | हामी | - | - |
| | डोरी तिम्रो हातमा छ | तिम्रो | तिम्रो | - | - |
| | कहिले बायाँ घुमाऊ | - | - | - | - |
| | कहिले दायाँ घुमाऊ | - | - | - | |
| | कहिले इन्कलाब जिन्दावाद भनाऊ | - | - | - | - |
| | कहिले न्याय र समानता मुर्दावाद भनाऊ | - | - | - | - |
| | मन परे आकाशमाथि पुर्याऊ | - | - | - | - |
| | मन नपरे पातालमुनि घुसाऊ | - | - | - | - |
| | जसरी मन लाग्छ प्रयोग गर | जसरी, | - | त्यसरी | जसरी |
| | तिम्रा इच्छाअनुसार प्रयोग गर | तिम्रा | तिम्रा | - | - |
| | ठिक छ हामी सहँदै जाउँला | हामी | हामी | - | - |
| | समयको गतिमा बहँदै जाउँला | - | - | - | - |
| ४ | कहिले जिउँदै चितामा जलाएर | - | - | - | - |
| | कहिले रुख र पोथ्राहरूमा फलाएर | र | - | - | र |
| | कात्रोमा निर्मम बेर्दै यौवनलाई | - | - | - | - |
| | कहरहरूमा प्रतिपल थुन्दै जीवनलाई | - | - | - | - |
| | घरि स्नेहपूर्वक गमलामा सजाऊ | - | - | - | - |
| | घरि घृणापूर्वक नालामा खसाऊ | - | - | - | - |
| | जसरी मन लाग्छ प्रयोग गर | जसरी | - | त्यसरी | जसरी |
| | तिम्रा इच्छाअनुसार प्रयोग गर | तिम्रा | - | तिमी/ हामीलाई | - |
| | ठिक छ हामी सहँदै जाउँला | हामी | हामी | - | - |
| | समयको गतिमा बहँदै जाउँला | - | - | - | - |
| ५ | तर सुन ! हरेक कुराको सीमा हुन्छ | - | - | - | तर |
| | परमाणुले पनि संसार ध्वस्त गर्न सक्छ | - | - | - | - |
| | शान्तभन्दा शान्त स्थानमा भयानक विस्फोटन लुकेको हुनसक्छ | - | - | - | - |
| | आफूभन्दा कोमल सम्झन्छौ आज जसलाई तिमी | आफू आज तिमी | आफू/तिमी | - | - |
| | भोलि बज्रभन्दा कठोर हुन सक्छ | भोलि | - | - | - |
| | सहनशीलताको त्यो विन्दुसम्म, त्यो रेखासम्म | त्यो | - | सीमा | - |
| | जसरी मन लाग्छ प्रयोग गर | जसरी | - | त्यसरी | जसरी |
| | तिम्रा इच्छाअनुसार प्रयोग गर | तिम्रा | तिम्रा | तिमी/ हामीलाई | - |
| | ठिक छ हामी सहँदै जाउँला | हामी | हामी | | - |
| | समयको गतिमा बहँदै जाउँला | - | - | - | - |

**कवितामा निदर्शन**

निदर्शनको प्रयोगले कुनै पनि सङ्कथनलाई भावप्रवाहगत रूपमा संसक्त बनाएको हुन्छ । कुनै व्यक्ति, वस्तु वा स्थानका बारेमा सूचना दिने काम नै निदर्शन हो । 'हामी सहँदै जाउँला' कविताका सन्दर्भमा यस्ता निदर्शनहरुको प्रयोग सुरूदेखि अन्त्यसम्म नै विभिन्न अवस्थामा आएका छन् । प्रस्तोताले बोद्धालाई कुनै व्यक्ति, वस्तु वा स्थानबारे सूचित गर्दा सूचित गर्न चाहेको व्यक्ति, वस्तु वा स्थानलाई निदर्शन विन्दु र त्यसलाई सूचित गर्ने भाषिक कोटिलाई निदर्शक भनिन्छ। यस कवितामा निदर्शन विन्दुका रूपमा व्यक्तिवाचक निदर्शक आफू, हामी र तिमी(षष्ठी विभक्तियुक्त रूप तिम्रा) रहेका छन् त्यस्तै समयवाचक निदर्शक आज र भोलि रहेका छन् । तिनले पाठभित्रका एकाइका बिचमा अन्त:सम्बन्ध स्थापित गरी अर्थगत तथा संरचनागत संसक्ति कायम गरेका छन् ।

**कवितामा सर्वनामीकरण**

कवितामा भावगत एकत्व कायम गर्न सार्वनामिक पदको पनि प्रयोग भएको छ । कवितामा आएका सर्वनामले पाठभित्र र पाठबाहिरको अर्थगत सन्दर्भलाई सम्बन्धित तुल्याई विचारलाई अन्वितिपूर्ण बनाउने काम गरेको छ । कविताको सातौँ, नवौँ, एघारौँ, उन्नाइसौँ, एक्काइसौँ, एकतिसौँ, एकचालिसौँ र एकाउनौँ पङ्तिमा प्रयुक्त हामी सर्वनाम शब्दले समाख्याताको शक्तिहीन, निरीह, परपरिचालित, परनिर्भर तथा सहनशील प्रवृत्तिलाई सन्दर्भीकृत गरेको छ भने छैठौँ, अठारौँ, बाइसौँ, तिसौँ, चालिसौँ र पचासौँ पङ्तिमा 'तिमी'मा छैठौँ विभक्ति जोडिएर भेदक विशेषणका रूपमा प्रयुक्त तिम्रो र छयालिसौँ पङ्क्तिमा प्रयुक्त तिमी सर्वनामले स्वेच्छाचारी प्रवृत्तिको पुरुष वर्गलाई सन्दर्भित गरेको छ ।

**कवितामा विलोपन**

पाठमा सन्दर्भगत अर्थ नबिग्रिने गरी कुनै पनि शब्द हराउने गर्छ । त्यो शब्द हराउँदा पनि प्रस्तुत पाठले प्रदान गर्ने अर्थमा फरक आउँदैन भने त्यो लोप संसक्ति हुन आउँछ । प्रस्तुत कवितामा पनि यस्ता पदलोप धेरै भएका छन् । त्यति हुँदाहुँदै पनि पाठ अझ अर्थपूर्ण तथा छरितो बन्न गएको देखिन्छ। यस कवितामा अभिव्यक्त भावलाई प्रवाह गरी पाठलाई सुसम्बद्ध र सुसङ्गठित बनाउन संरचनामा नआएका वा संरचना लोप भएका पद, पदावलीको महत्त्वर्पूण भूमिका रहेको छ । कविताका पाँच अनुच्छेदमध्ये तेस्रो अनुच्छेदलाई साक्ष्यका रूपमा प्रस्तुत गर्नसकिन्छ ।

नाच्दै जाने कठपुतली हामी
डोरी तिम्रो हातमा छ
कहिले बायाँ घुमाऊ
कहिले दायाँ घुमाऊ
कहिले इन्कलाब जिन्दावाद भनाऊ
कहिले न्याय र समानता मुर्दावाद भनाऊ
मन परे आकाशमाथि पुर्याऊ
मन नपरे पातालमुनि घुसाऊ
जसरी मन लाग्छ प्रयोग गर
तिम्रा इच्छाअनुसार प्रयोग गर
ठिक छ हामी सहँदै जाउँला
समयको गतिमा बहँदै जाउँला (शर्मा, )

माथिको अनुच्छेदमा केही शब्दहरू लोप भएको अवस्थामा छन् । लुप्त शब्दलाई रेखाङ्कन गरी निम्नानुसार देखाउन सकिन्छ:

नाच्दै जाने कठपुतली हामी

डोरी तिम्रो हातमा छ
तिमी कहिले बायाँ घुमाऊ
अनि कहिले दायाँ घुमाऊ
तिमी  कहिले इन्कलाब जिन्दावाद भनाऊ
अनि कहिले न्याय र समानता मुर्दावाद भनाऊ
मन परे तिमी हामीलाई आकाशमाथि पुर्याऊ
मन नपरे तिमी हामीलाई पातालमुनि घुसाऊ
जसरी मन लाग्छ त्यसरी प्रयोग गर
तिम्रा इच्छाअनुसार तिमी हामीलाई प्रयोग गर
ठिक छ हामी सहँदै जाउँला
समयको गतिमा बहँदै जाउँला

यसरी यस कविताको तेस्रो अनुच्छेदको तेस्रो र पाँचौँ पङ्क्तिमा 'तिमी', चौथो र छैठौँ पङ्क्तिमा 'अनि', सातौँ र आठौँ पङ्क्तिमा 'तिमी' र 'हामीलाई' त्यस्तै नवौँ पङ्क्तिमा 'त्यसरी' शब्द संरचनाका रूपमा उपस्थित नभए पनि लोप व्याकरणिक संसक्तिका कारण अनुच्छेदको भावप्रवाहमा कुनै बाधा उत्पन्न भएको छैन्।  यसैगरी अन्य अनुच्छेदमा पनि दोहोरिन सक्ने संरचना लोप रहेका अवस्थामा पनि भाव प्रवाहले निरन्तरता पाएको छ।

**कवितामा संयोजन**

यस कवितामा प्रयुक्त संयोजकले पनि कवितामा आएको भाव प्रवाहलाई संयोजन गरी सुसम्बद्ध बनाएका छन्।  यस कविताका पाँचौँ, सत्रौँ, उनन्तिसौँ, उनन्चालिसौँ र उनन्पचासौँ पङ्क्तिमा 'जसरी' शब्द संरचनागत रूपमै उपस्थित भएर अनि 'त्यसरी' शब्द लुप्त रूपमा रहेर पनि अर्थगत एकत्व कायम गरेको छ।  त्यस्तै चौँतिसौँ पङ्तिमा 'र' संयोजकले रुख र पोथ्रालाई संयोजन गरेको छ भने त्रिचालिसौँ पङ्क्तिका आएको 'तर'ले अगाडिका अनुच्छेदमा व्यक्त पुरुषको स्वेच्छाचारिताले सीमा नाघेमा परिणाम उल्टिन सक्ने चेतावनी दिएर विपरीतार्थक भावलाई एकअर्कासंग संयोजन गरेको छ।

**हामी सहँदै जाउँला कवितामा कोशीय  संसक्ति**

व्याकरणिक संसक्तिले जस्तै कोशीय समसक्तिले पनि पाठभित्रका एकाइहरूका बिचमा अर्थगत एकत्व कायम गरेको हुन्छ।  प्रस्तुत कवितामा कोशीय संसक्तिसम्बद्ध युक्तिद्वारा पाठमा केकसरी सुसम्बद्धता कायम गरिएको छ भन्नेबारेमा पनि यस लेखमा अध्ययन गरिएको छ।  यस कवितात्मक पाठमा भाव प्रवाहका लागि प्रयुक्त कोशीय संसक्तिसँग सम्बद्ध युक्तिलाई तालिकामा यसरी  प्रस्तुत गरिएको छ :

| कोशीय संसक्तिको किसिम | संसक्तताको अवस्था | | |
|---|---|---|---|
| पुनरावृत्ति | पुनरावृत्त पद, | अनुच्छेद | पङ्क्ति |
| | कहिले | १ | १, २, ३ |
| | | २ | ५, ७ |
| | | ३ | ३, ४, ५, ६ |
| | | ४ | १, २ |
| | | १ | ४ |
| | घरि | ४ | ५, ६ |
| | | १ | ३, ४ |
| | बनाउँदै | २ | १, ३ |
| | हामी | ३ | १ |

| | | | |
|---|---|---|---|
| | मन | ३ | ७, ८, |
| | पुनरावृत्त पदावली | अनुच्छेद | पङ्क्ति |
| | जिम्मा लगाएर | १ | १,२ |
| | पुनरावृत्त पङ्क्तिपुञ्ज | अनुच्छेद | पङ्क्ति |
| | जसरी मन लाग्छ प्रयोग गर<br>तिम्रा इच्छाअनुसार प्रयोग गर<br>ठिक छ हामी सहँदै जाउँला<br>समयको गतिमा बहँदै जाउँला | १<br>२<br>३<br>४<br>५ | ५-८<br>९-१२<br>९-१२<br>७-१०<br>७-१० |
| विपर्यायता | विपरीतार्थक पद, पदावली | अनुच्देद | |
| | रणचण्डी - रण्डी<br><br>कहिले दु:शासन बनेर बिच सभामा नङ्ग्याऊ - कहिले कृष्ण बनेर<br>उपहारमा साडी पुर्याऊ<br>दायाँ-बायाँ, जिन्दावाद- मुर्दावाद<br>परे-नपरे, आकाशमाथि-पातालमुनि<br>स्नेहपूर्वक-घृणापूर्वक | १<br><br>२<br><br><br><br>३<br><br><br>४ | |

**पुनरावृत्ति**

प्रस्तुत कवितामा कतै पद, कतै पदावली र कतै पङ्क्तिपुञ्जको पुनरा वृत्तिले पाठभित्रका भाषिक एकाइका बिचमा अर्थगत एकत्व कायम गरेका छन्। यस कवितामा 'कहिले' शब्द पहिलो,दोस्रो, तेस्रो, तेह्रौँ, पन्ध्रौँ,तेइसौँ, चौबिसौँ, पच्चिसौँ, छबिसौँ, तेत्तिसौँ र चौँतिसौँ पङ्क्तिमा पुनरावृत भएर आई पुरुषले नारीलाई विभिन्न कालखण्डमा फरकफरक भूमिकामा आफ्नो अनुकूलतामा प्रयोग गर्दै आएको भाव व्यक्त गरिएको छ। त्यस्तै गरी त्यही अर्थमा 'घरि' शब्द पनि चौथो, सैतिसौँ र अड्तिसौँ पङ्क्तिमा पुनरावृत भएर संसक्तता कायम गरेको छ। 'बनाउँदै' शब्द तेस्रो र चौथो पङ्क्तिमा अनि 'जिम्मा लगाएर' पदावली पहिलो र दोस्रो पङ्क्तिमा दोहोरिएर आई नारीलाई फरकफरक भूमिकामा प्रयोग गर्दै आएको कुरामा जोड दिएर अर्थगत एकत्व स्थापित गरी संसक्तता कायम गरेको छ। तेस्रो अनुच्छेदको सातौँ र आठौँ पङ्क्तिमा पुनरावृत भएर आएको मन शब्दले पुरुषको स्वेच्छाचारितामाथि जोड दिएर अर्थलाई प्रभावकारी बनाउँदै पाठको मूल कथ्यसँग एकत्व कायम गरेको छ। त्यस्तैगरी 'जसरी मन लाग्छ प्रयोग गर, तिम्रा इच्छाअनुसार प्रयोग गर, ठिक छ हामी सहँदै जाउँला,समयको गतिमा बहँदै जाउँला' पङ्क्तिपुञ्ज हरेक अनुच्छेदको अन्ततिर दोहोरिएर आई सबै अनुच्छेदलाई एकअर्कासवग जोडेर पाठलाई संसक्त तुल्याएको छ।

**विपर्यायता**

प्रस्तुत कवितामा कविले विपर्यायताका माध्यमबाट पनि पाठभित्र आएका भाषिक एकाइका बिचमा संरचनागत तथा अर्थगत सुसम्बद्धता कायम गर्न खोजेको देखिन्छ। कविताको पहिलो अनुच्छेदमा प्रयुक्त रणचण्डी र रण्डी(शर्मा, ) शब्दका बिचमा अर्थगत विपर्यायता रहेको छ। पुरुषले नारीलाई आफ्नो स्वार्थ अनुसार कहिले रणचण्डी भन्दै भगवती बनाएर पुज्ने अनि कहिले रण्डीभन्दै अपहेलना गरी गाली गर्ने यथार्थता उजागर गरेको छ र यहाँ रणचण्डी र रण्डी शब्दले विपरीत अर्थ बोकेर पङ्क्तिपुञ्जभित्रका भाषिक एकाइका बिचमा संसक्ति कायम गरेका छन्। कविताको दोस्रो अनुच्छेदमा वाक्य तहकै विपर्यायताको प्रयोग पाइन्छ। 'कहिले दु:शासन बनेर बिच सभामा नङ्ग्याऊ, कहिले कृष्ण बनेर उपहारमा साडी पुर्याऊ'( )।

यी पङ्क्तिहरूमा पुरुषको द्वैध चरित्रलाई उदाङ्गो पारिएको छ। नारीत्वको पहिचान दिने नारी अङ्गको रक्षा नै नारीत्वको रक्षा हो भन्ने मनोविज्ञानको निर्माण गर्न र त्यसको रक्षा पनि पुरुषबिना सम्भव छैन भन्ने देखाउन एकातिर नङ्ग्याउने काम गर्ने पनि पुरुष दु:शासन र अर्कातिर दया देखाएर नाङ्गिनबाट बचाउने पुरुष कृष्ण एक अर्काका विपर्यायतामा देखिएका छन्।

कविताको तेस्रो अनुच्छेदमा प्रयुक्त दायाँ-बायाँ, जिन्दावाद-मुर्दावाद शब्दतहका र मन परे आकाशमाथि पुर्याऊ-मन नपरे पातालमुनि घुसाऊ वाक्यात्मक तहका विपरीतार्थक भाषिक एकाइ हुन्। यहाँ नारीलाई पुरुषले आफ्नो इच्छा अनुसार कहिले दायाँ त कहिले बायाँ घुमाइ रहेको, कहिले जिन्दावाद त कहिले मुर्दावादको नारा भट्याउन लगाउने अनि नारीले गरेको काम मन परेमा प्रशंसा गरेर आकाशमाथि नै पुगाउने र मन नपरेमा पातालभित्रै धसाइदिने गरेको वास्तविकता प्रस्तुत गरिएको छ। पुरुषको नारीप्रतिको द्वैत प्रकृतिको व्यवहार प्रस्तुतिका लागि यी वैपरित्यार्थ बोकेका भाषिक एकाइको विशेष महत्त्व छ। कविताको दोस्रो अनुच्छेदमा प्रयुक्त स्नेहपूर्वक गमलामा सजाऊ-घृणापूर्वक नालामा खसाऊ पनि वाक्यात्मक तहका भाषिक एकाइ हुन्। यहाँ पनि पुरुषले नारीलाई एउटा मानवका रूपमा नहेरी फगत उपभोग्य वस्तुका रूपमा लिएको र उपभोग योग्य हुँदासम्म फुललाई गमलामा सजाएजस्तै संरक्षण गरेर राख्ने र उसमा उपभोग्य गुण सकिएपछि नालामा मिलकाइदिने पुरुषको स्वार्थी प्रवृत्तिमाथि प्रकाश पार्न ती विपरीतार्थी एकाइको प्रयोग गरिएको छ। यसरी यस कवितामा विपरीतार्थबोधक भाषिक एकाइका माध्यमबाट पनि भावगर सुसम्बद्धता स्थापित गरिएको छ।

**निष्कर्ष**

हामी सहँदै जाउँला शीर्षकको यस कवितामा व्याकरणिक तथा कोशीय संसक्ति जस्ता युक्तिको प्रयोगबाट कवितालाई अन्वितिर्पूण, सुसङ्गठित र भाव सम्प्रेषणीय पाठका रूपमा स्थापित गरिएको छ। पाँच अनुच्छेद र बाउन्न पङ्क्तिमा संरचित यस कवितामा व्याकरणिक तथा कोशीय संसक्तिका माध्यमबाट सुरुदेखि अन्त्यसम्म भावको प्रवाह एउटै धागोमा फुल उनिएर आएजस्तै अन्त:सम्बन्धित भएर आएको छ। प्रस्तुत कवितामा सर्वनामीकरण, विलोपन, संयोजनजस्ता व्याकरणिक संसक्तिसम्बद्ध युक्ति र पुनरावृत्ति तथा विपर्यायता जस्ता कोशीय संसक्तिसम्बद्ध युक्तिको प्रयोगले पितृसत्तात्मक समाजमा पुरुषले नारीप्रति गरेको अन्यायपूर्ण व्यवहारलाई नारीहरूले सहँदै आएको तर सहनक्षमताको पनि सीमा हुने हुनाले र पुरुषले त्यो सीमारेखा पार गरे सहनशीलता विस्फोटक पदार्थमा परिणत भई पितृसत्ता नै ध्वस्त हुनजाने व्यङ्ग्यात्मक भावप्रवाह गरिएको छ।

**सन्दर्भ सामग्रीसूची**


गैतम, देवीप्रसाद, *सङ्कथन विश्लेषण* 'रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड'(सम्पा. राजेन्द्र सुबेदी र लक्ष्मणप्रसाद गौतम), काठमाडौँ: रत्नपुस्तक भण्डार, २०६८, पृ ५७१–५९१।

गौतम. देवीप्रसाद. *गीति संरचनाको सङ्कथन विश्लेषण.* 'रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड'. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ: रत्न पुस्तक भण्डार. २०६८. पृ. ४७३–४८१।

घिमिरे, बासुदेव, *सङ्कथन विश्लेषण*, कीर्तिपुर: इन्टेलेक्चुअल बुक प्यालेस, २०६९।

यादव. योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी. *भाषाविज्ञान*. दो सं., काठमाडौँ: न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९।

शर्मा, कुन्ता, *म उभिएको ठाउँ*, काठमाडौँ: अनुराग प्रकाशन, २०५२।

Flowerdew. John. *Cohesion*. 'Discourse in English Language Education'. Taylor and Francis Group, Pp. 33-58 .

Halliday. MAK. and Ruqaiya Hasan. 1976. *Cohesion in English*. Longman Group Limited. Pp 273-328.

Hoey. Michel. 1991a. *Patterns of Lexis in Text*. Oxford University Press. Pp 1-24.

Tanskanen. Aapo. 2006. *Collaborating towards Coherance*. Linguist List Vol. 18. Pp. 37-79.